# कावासोती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रमाणीकरण मिति : २०७५/०१/०७

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५/....

२०७५ सालको ऐन नं. ....

प्रमाणीकरण

२०७५।०१।०९

(जम्मा पृष्ठ संख्या - ९)

कावासोती नगरपालिका

नवलपरासी (वर्दघाट सुस्ता पुर्व)

Scanned with CamScanner

**प्रस्तावना:**नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कावासोती नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम "कावासोती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन कावासोती नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"भन्नाले "कावासोती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५" सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले कावासोतीनगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका"भन्नाले कावासोती नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियमबनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कावासोती नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कावासोती नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानूनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही कावासोती नगर कार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

प्रमाणीकरण
२०७५।०१।०१
पृष्ठ संख्या – १



Scanned with CamScanner